30 Jan 2026 Friday

National News

मुख्य समाचार....

1.उपराष्ट्रपति सी.पी. राधाकृष्णनले राष्ट्रपिता महात्मा गान्धीको स्मृति दिवसका अवसरमा अर्पण गर्नुभयो श्रद्धाञ्जली...

2.केन्द्रिय गृहमन्त्री अमित शाहले आज असमको डिब्रुगढमा १७ सय १५ करोड रुपैयाँ बराबरका विभिन्न विकास आयोजनाहरूको गर्नुभयो उद्घाटन..

3. फेब्रुअरी १६ देखि २० सम्म नयाँ  आयोजना हुने 'इन्डिया-एआई इम्प्याक्ट शिखर सम्मेलन २०२६' विश्वकै अहिलेसम्मको सबैभन्दा ठुलो आर्टिफिसियल इन्टेलिजेन्स (AI) सम्मेलन हुने केन्द्रिय सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवको भनाइ....

4. केन्द्रिय मन्त्री पीयूष गोयलले भन्नुभयो भारत र युरोपेली संघ (EU) बीचको 'मुक्त व्यापार सम्झौता' (FTA) कार्यान्वयनमा आएलगत्तै युरोपेली देशहरूमा हुने भारतीय निर्यातमा कुनै पनि कर तिर्नु नपर्ने

5.भारतका विदेश मन्त्री डा. एस. जयशंकर र प्यालेस्टाइनका विदेश मन्त्री वारसेन अघाबेकियन शाहिन बीच आज नयाँ दिल्लीमा महत्वपूर्ण भेटवार्ता..

उपराष्ट्रपति सी.पी. राधाकृष्णन

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज राष्ट्रपिता महात्मा गान्धीको स्मृति दिवसका अवसरमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । नयाँ दिल्लीस्थित उपराष्ट्रपति निवासमा आयोजित एक कार्यक्रममा उहाँले महात्मा गान्धीको  तस्बिरमा पुष्पगुच्छा अर्पण गरी सम्मान प्रकट गर्नुभयो ।

सामाजिक सञ्जालमा एक सन्देश जारी गर्दै उपराष्ट्रपतिले भन्नुभयो "सबैभन्दा गरिब र कमजोर व्यक्तिको अनुहार सम्झनुपर्ने महात्मा गान्धीको त्यो कालजयी मन्त्र आज पनि भारतका हरेक कार्य र नीतिहरूका लागि एक गहिरो नैतिक मार्गदर्शकका रूपमा रहेको छ ।"

उहाँले न्याय, सद्भाव र समावेशी समाजको निर्माणका लागि गान्धीवादी मूल्य-मान्यताहरूलाई आत्मसाथ गर्ने सरकारको प्रतिबद्धतालाई पुन: दोहोऱ्याउनुभयो । उपराष्ट्रपतिले गान्धीको सत्य, अहिंसा र नि:स्वार्थ सेवाको आदर्शले सधैँ मानवतालाई प्रेरित गरिरहने आशा समेत व्यक्त गर्नुभयो ।

यसै बीच उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ

दिल्लीस्थित गान्धी स्मृतिमा आयोजित एक सर्वधर्म प्रार्थना सभामा सहभागी हुनुभएको छ । राष्ट्रपिता महात्मा गान्धीको ७८ औं पुण्यतिथि (स्मृति दिवस) को अवसरमा उक्त श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको हो ।

सन् १९४८ मा आजकै दिन नयाँ दिल्लीको बिर्ला हाउस (जसलाई अहिले गान्धी स्मृति भनिन्छ) मा राष्ट्रपिता महात्मा गान्धीको हत्या गरिएको थियो । उहाँको सम्मानमा आज देशभर 'शहीद दिवस' समेत मनाइँदैछ ।

यसैबीच जम्मु-कश्मिरका उप-राज्यपाल मनोज सिन्हाले विश्वव्यापी अनिश्चितता, द्वन्द्व र जलवायु चुनौतीका बीच महात्मा गान्धीका अहिंसा, सत्य र मानवीय गरिमाका आदर्शहरू आज झनै सान्दर्भिक भएको बताउनुभएको छ ।

उहाँले वर्तमान समयमा विश्व भू-राजनीतिक तनाव, सामाजिक विभाजन र आर्थिक पुनर्संरचनाका कारण अनिश्चितताको चरणबाट गुज्रिरहेको उल्लेख गर्दै शान्ति र स्थिरताका लागि गान्धीको मार्ग नै उत्तम विकल्प भएको बताउनुभयो ।

<u>भारतका केन्द्रिय गृह मन्त्री</u>

केन्द्रिय गृह मन्त्री अमित शाहले आज असमको डिब्रुगढमा १७ सय १५ करोड रुपैयाँ बराबरका विभिन्न विकास आयोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभएको छ । यी आयोजनाहरूमा असमको दोस्रो विधान सभा परिसर पनि सामेल छ ।

डिब्रुगढमा आयोजित एक विशाल जनसभालाई सम्बोधन गर्दै गृह मन्त्री शाहले भारत र युरोपेली संघबीच हुन लागेको 'मुक्त व्यापार सम्झौता' (FTA) ले असमको चिया निर्यातलाई ठुलो प्रोत्साहन दिने विश्वास व्यक्त गर्नुभयो । उहाँले असमलाई बाढीमुक्त बनाउन केन्द्र सरकारले ठोस कदम चालिरहेको बताउँदै आगामी विधान सभा निर्वाचनमा विकास, शान्ति र सुरक्षाका लागि भाजपालाई मतदान गर्न मतदाताहरूलाई आग्रह गर्नुभयो ।

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा असममा पूर्वाधार विकासका कार्यहरू तीव्र गतिमा भइरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो— पहिले हिंसा र अशान्तिका लागि चिनिने असम अहिले शान्ति र प्रगतिको पर्याय बनेको छ ।

<u>श्री शाहको आसाम भ्रमणका क्रममा भएका मुख्य परियोजनाहरूमा-</u>

डिब्रुगढलाई दोस्रो प्रशासनिक केन्द्रको रूपमा विकास गर्न २८४ करोडको लागतमा नयाँ विधान सभा भवन र विधायक आवास । यसमा ८०० सिटको अत्याधुनिक प्रेक्षालय (Auditorium)

४४७ करोडको लागतमा बहु-उद्देश्यीय खेलकुद परिसर, २९२ करोडको लागतमा वन्यजन्तु स्वास्थ्य र अनुसन्धान केन्द्र, ६९२ करोडको लागतमा १५ वटा सिमसार क्षेत्रहरूको पुनरुत्थान गर्ने परियोजना रहेका छन्।

यस कार्यक्रममा असमका मुख्यमन्त्री, केन्द्रिय मन्त्री लगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । डिब्रुगढको कार्यक्रमपछि गृह मन्त्री शाह धेमाजी जिल्ला प्रस्थान गर्नुभएको छ, जहाँ उहाँ मिसिङ समुदायको सांस्कृतिक उत्सव 'तकाम मिसिङ पोरिन केबाङ' मा मुख्य अतिथिको रूपमा सहभागी हुनुभयो । साँझ गुवाहाटीमा पार्टी कार्यकर्ताहरूसँग भेटघाट गरी उहाँ आजै पश्चिम बंगाल प्रस्थान गर्ने कार्यक्रम रहेको छ।

<u>सूचना प्रविधि मन्त्री अश्विनी वैष्णव</u>

केन्द्रिय सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले आगामी फेब्रुअरी १६ देखि २० सम्म नयाँ दिल्लीमा आयोजना हुने 'इन्डिया-एआई इम्प्याक्ट शिखर सम्मेलन २०२६' विश्वकै अहिलेसम्मको सबैभन्दा ठुलो आर्टिफिसियल इन्टेलिजेन्स (AI) सम्मेलन हुने बताउनुभएको छ। नयाँ दिल्लीमा आज सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री वैष्णवले यस शिखर सम्मेलनमा विश्वका १०० भन्दा बढी प्रमुख कार्यकारी अधिकृत (CEOs) हरूको सहभागिता रहने जानकारी दिनुभयो। भारतले पछिल्लो समय आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा विकास गरेको पारिस्थितिक प्रणाली (Ecosystem) को प्रशंसा गर्दै उहाँले यसलाई अत्यन्तै उत्साहजनक रहेको बताउनुभयो।

हाम्रा सम्वाददाताका अनुसार, यो शिखर सम्मेलन 'ग्लोबल साउथ' (विकासोन्मुख देशहरू) मा आयोजित हुने पहिलो ग्लोबल एआई शिखर सम्मेलन पनि हुनेछ । यसले प्रविधिको क्षेत्रमा भारतको बढ्दो नेतृत्वदायी भूमिकालाई विश्व मञ्चमा थप बलियो बनाउने विश्वास गरिएको छ।

<u>केन्द्रिय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयल</u>

केन्द्रिय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले भारत र युरोपेली संघ (EU) बीचको 'मुक्त व्यापार सम्झौता' (FTA) कार्यान्वयनमा आएलगत्तै युरोपेली देशहरूमा हुने भारतीय निर्यातमा कुनै पनि कर तिर्नु नपर्ने बताउनुभएको छ।

एक अन्तर्वार्ताका क्रममा मन्त्री गोयलले भन्नुभयो कि यो सम्झौतासँगै अब भारतले ५० अर्ब अमेरिकी डलर बराबरको गार्मेन्ट तथा टेक्सटाइल निर्यात गर्ने लक्ष्य राख्न सक्छ । उहाँले यो

ऐतिहासिक कदमले देशमा लाखौँको संख्यामा नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्ने विश्वास समेत दिलाउनुभयो।

मन्त्री गोयलले थप स्पष्ट पार्दै भन्नुभयो कि यो व्यापार सम्झौताले भारतलाई अन्तर्राष्ट्रिय भू-राजनीतिको केन्द्रमा उभ्याएको छ। उहाँका अनुसार भारत-युरोपेली संघ बीचको यस सम्झौताको कुनै प्रतिस्पर्धा छैन र यी दुई शक्तिहरू मिलेर विश्व अर्थतन्त्रमा एक 'मल्टिप्लायर' (Multiplier) अर्थात् विकासको संवाहकको रूपमा अगाडि बढ्नेछन्।

यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र युरोपेली संघ बीच भएको सम्झौतालाई विकसित राष्ट्र बनाउने लक्ष्यका लागि एउटा महत्वपूर्ण कदम भएको बताउनुभएको छ।

वाणिज्य तथा उद्योग मन्त्रीले लेख्नुभएको लेख साझा गर्दै प्रधानमन्त्रीले भन्नुभयो सरकारले यस्तो क्रान्तिकारी सम्झौता गरेको छ, जसले भारतीय उत्पादनका लागि अन्तर्राष्ट्रिय बजार विस्तार गर्नेछ, नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्नेछ र देशको मौलिक हितको पूर्ण सुरक्षा गर्ने बताउनुभयो।
यो सम्झौताले विशेष गरी निर्यात प्रवर्द्धन र प्राविधिक सहयोगमा भारतलाई विश्व मञ्चमा नयाँ उचाइमा पुऱ्याउने विश्वास गरिएको छ।

डा. एस. जयशंकर र प्यालेस्टाइनका
भारतका विदेश मन्त्री डा. एस. जयशंकर र प्यालेस्टाइनका विदेश मन्त्री वारसेन अघाबेकियन शाहिन बीच आज नयाँ दिल्लीमा महत्वपूर्ण भेटवार्ता भएको छ।
भेटपछि सामाजिक सञ्जालमा जानकारी साझा गर्दै विदेश मन्त्री डा. जयशंकरले दुई नेताबीच भारत र प्यालेस्टाइनको विकास र द्विपक्षीय सहयोगका क्षेत्रहरूको समीक्षा भएको बताउनुभयो। उहाँका अनुसार, यो सहकार्यलाई थप सुदृढ बनाउन नयाँ पहलहरू अगाडि बढाउने विषयमा पनि दुवै पक्ष सहमत भएका छन्।
यसका साथै, दुवै नेताहरूले गाजा शान्ति योजना (Gaza Peace Plan) र क्षेत्रमा भइरहेका पछिल्ला विकासक्रमका बारेमा पनि विस्तृत विचार-विमर्श गर्नुभएको छ। यो भेटघाटलाई पश्चिम एसियामा शान्ति स्थापनाका लागि भारतको सक्रिय भूमिकाका रूपमा हेरिएको छ।
यसैगरी परराष्ट्रमन्त्री डा. एस जयशंकर र लिबियाली समकक्षी एलताहेर एल्बाउरबीच आज दिउँसो नयाँ दिल्लीमा भेटवार्ता भएको छ।
भेटका अवसरमा उहाँहरूबीच व्यापार, व्यवसाय, पूर्वाधार निर्माण र ऊर्जा क्षेत्रमा आपसी

सहयोगलाई अझ सुदृढ बनाउने विषयमा फलदायी छलफल भएको छ। डा. जयशंकरले लिबियाको वर्तमान अवस्थाबारे प्राप्त जानकारीका लागि धन्यवाद व्यक्त गर्दै त्यस क्षेत्रमा स्थायी शान्ति र स्थिरताका लागि भारत सधैं संवाद र कूटनीतिको पक्षमा रहेको कुरामा जोड दिनुभयो।

रुसी राष्ट्रपति भ्लादिमिर

रुसी राष्ट्रपति भ्लादिमिर पुतिनले अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको अनुरोधलाई स्वीकार गर्दै आगामी फेब्रुअरी १ सम्म युक्रेनमा सैन्य आक्रमण रोक्ने निर्णय गर्नुभएको छ। क्रेमलिनका अनुसार शान्ति वार्ताका लागि उपयुक्त वातावरण निर्माण गर्ने उद्देश्यले यो कदम चालिएको हो।
राष्ट्रपति ट्रम्पले हिजो जानकारी दिँदै भन्नुभएको थियो कि पुतिन अत्यधिक जाडोको मौसमलाई ध्यानमा राखी एक हप्तासम्म कीभ र युक्रेनका अन्य सहरहरूमा गोलाबारी नगर्न सहमत हुनुभएको छ । यद्यपि, यो युद्धविरामको अवधि कहिले समाप्त हुन्छ भन्नेबारे स्पष्ट जानकारी दिइएको छैन ।

टेनिस जगतको प्रतिष्ठित प्रतियोगिता 'अस्ट्रेलियन ओपन'

टेनिस जगतको प्रतिष्ठित प्रतियोगिता 'अस्ट्रेलियन ओपन' मा विश्वका नम्बर एक खेलाडी कार्लोस अल्कारेज पहिलो पटक फाइनलमा प्रवेश गरेका छन् । आज मेलबर्नको रोड लेभर एरेनामा भएको अत्यन्तै रोमाञ्चक सेमिफाइनल खेलमा स्पेनिस खेलाडी अल्कारेजले जर्मनीका अलेक्जेन्डर ज्वेरेभलाई पाँच सेटको संघर्षपूर्ण खेलमा पराजित गरेका छन् ।
अल्कारेजले ६-४, ७-६, ६-७, ६-७ र ७-५ को अन्तरले खेल आफ्नो पक्षमा पारेका हुन् ।
यसैबीच, पुरुष एकल तर्फको दोस्रो सेमिफाइनल खेलमा अहिले नोभाक जोकोभिच र जानिक सिनरबीच प्रतिस्पर्धा भइरहेको छ ।
यसैगरी महिला एकल तर्फ:
भोलि मेलबर्न पार्कमा हुने फाइनल भिडन्तमा विश्व नम्बर एक आर्यना साबालेन्का र एलेना राइबाकिना उपाधिका लागि आमने-सामने हुनेछन् । साबालेन्काको राइबाकिना विरुद्धको रेकर्ड ८-६ ले अगाडि रहेको छ, जसले गर्दा भोलिको फाइनल निकै प्रतिस्पर्धात्मक हुने अनुमान गरिएको छ ।